राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७९/०४/२०)

यस राजपुर गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यलयमा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १२/२०७९-८० | रोजगार सहायक | स्थानिय सेवाको सहायक पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

**२. दरखास्त दिने स्थान :-**राजपुर गाउँपालिकाको कार्यालय गंगदी,दाङ्ग ।

**३.दरखास्त दिने अन्तिम मिति :-**प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

**४.आवेदन दस्तुर :-** रु ५००/-(पाँच सय मात्र)

**५. छनौटको किसिम :-**प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

**६.आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाण पत्र
घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) तालिमको प्रमाणपत्र
च) २ प्रति पासपोर्ट फोटो

**७. सेवा सुविधा तथा अन्य :-**स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । -आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np तथा गाउँपालिकाको वेवसाइट www.rajpurmundang.gov.np बाट उपलब्ध हुनेछ ।

.........................................

प्रमुख प्रशासकिय अधिकृत